# चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०७८/०८/१७ गते बसेको ९६ औं बैठकको निर्णय अनुसार कम्पनीको चौथो वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफू स्वयं वा रितपूर्वकको प्रतिनिधि वा अनलाईन माध्यम मार्फत उपस्थित हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, स्थान र समय
मिति : २०७८ साल पौष ११ गते (तद्नुसार २६ डिसेम्बर, २०२१)
स्थान : अनमोल बैङक्वेट, शंखमुल, काठमाडौं ( Meeting ID र Password ईमेल मार्फत उपलब्ध गराइनेछ । )
सभा शुरु हुने समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु :**

**(क)** **सामान्य प्रस्ताव** :

१ सञ्चालक समितिको आ.व.२०७६/७७ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२ लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७६/७७ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने ।
३ कम्पनीको आ.व.२०७७/७८ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने ।
४ संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.५.२६३२।- अर्थात रु. ११,०५,२७,२००।- नगद लाभांश (प्रस्तावित नगद लाभांश बापतको कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।
५ संचालक समितिमा साधारण शेयरधनी समूह(ख)बाट प्रतिनिधित्व गर्ने २(दुई) जना संचालकको निर्वाचन गर्ने ।

**(ख)** **बिशेष प्रस्ताव**

१. कम्पनीको नियमावलीमा प्रस्ताव भए बमोजिम आवश्यक संशोधन गर्ने ।
२. कम्पनीको नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समाविष्ट गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
३. कम्पनीले आ.व. २०७६/७७ मा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत कोभिड प्रभावितलाई सहयोग गर्न नेपाल सरकारलाई प्रदान गरेको आर्थिक सहायता वापतको रकम रु. ७,५०,०००/- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिम अनुमोदन गर्ने ।

**(ग)** **विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१ साधारण सभा एवम् सोमा प्रस्तावित नगद लाभांशको प्रयोजनार्थ कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७८ मंसिर २६ गते (एक दिन) बन्द गरिनेछ । उक्त मिति अगावै नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कायम भएका शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न र नगद लाभांश प्राप्त गर्न सक्नेछन् ।
२ कुनै शेयरधनी स्वयं सभामा उपस्थित हुन नसकेमा कम्तीमा ४८ घण्टा अगाडी यस कम्पनीको रजिष्टर्ड कार्यालय नयां बानेश्वर काठमाण्डौमा प्रोक्सी फारम भरी निवेदन दर्ता गरी सक्नु पर्नेछ ।
३ साधारण सभाको लागि उपस्थिति पुस्तिका सभा हलमा बिहानको ९:०० बजेदेखि ११:०० बजेसम्म खुल्ला गरिनेछ ।
४ कोभिड १९ को कारण पर्न सक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएको सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी सभा संचालनको प्रबन्ध मिलाइएको छ । साथै कम्पनीका शेयरधनी महानुभावहरुले यस सभामा अनलाईन माध्यम मार्फत समेत सहभागिता जनाउन सक्नुहुनेछ ।
५ थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, नयां बानेश्वर, काठमाडौँमा सम्पर्क राख्न हुनको लागि अनुरोध गरिन्छ ।

# रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड

नयाँ बानेश्वर, काठमाण्डौ, नेपाल फोन नं. ०१४७८७२२४, ४७८७२२५